तिलोत्तमा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मणिग्राम, रुपन्देही
लुम्बिनी प्रदेश, नेपाल

कार्यपालिका बैठक संख्या ३/०७९/०८० (१३३) मिति २०७९/०७/०६ गते ।

प्रस्तावहरुः

१. पूर्व कार्यपालिका बैठकका निर्णयहरुको समीक्षा सम्बन्धमा ।
२. नगरपालिका र अन्तरगतका कार्यालयहरुको सेवा प्रवाह सुधार सम्बन्धी छलफल सम्बन्धमा ।
३. प्रदेश पूर्वाधार विकास प्राधिकरणमा पठाउनुपर्ने योजना छनौट सम्बन्धमा ।
४. तिलोत्तमा नगरपालिकाको पञ्चवर्षीय योजना (२०७९-२०८३) निर्माण सम्बन्धमा ।
५. तिलोत्तमा नगरपालिकाको परियोजना बैंक (Project Bank) निर्माण सम्बन्धमा ।
६. औद्योगिक ग्राम र फोहोरमैला व्यवस्थापन केन्द्रको EIA निर्माण गर्ने परामर्शदातासँग सम्झौताको म्याद थप सम्बन्धमा ।
७. वडा नं.-१४ को वडा कार्यालय भवन निर्माणको लागि स्थान परिवर्तन सम्बन्धमा ।
८. तिलोत्तमा नगरपालिकाको भू-उपयोग परिषद्बाट कित्ताकाटका लागि यस अघि भएका सिफारिसमा छुट भएका बाटो प्रमाणीकरण सम्बन्धमा ।
९. रोजगार सेवा केन्द्र मार्फत संचालित प्रधानमन्त्री रोजगार कार्यक्रम आ.व.२०७९/०८० का लागि बेरोजगार व्यक्तिहरुको सूचीकरण सम्बन्धमा ।
१०. अपाङ्गता समन्वय समितिको निर्णय अनुमोदन सम्बन्धमा ।
११. लैङ्गिक समानता सामाजिक समावेशीकरणको रणनीति सम्बन्धमा ।
१२. लैङ्गिक समानता सामाजिक समावेशीकरण आ.व.२०७८/०७९ को GESI प्रतिवेदन सम्बन्धमा।
१३. तिलोत्तमा नगरपालिकाको स्वास्थ्य विमा संयोजन समिति गठन तथा संचालन सम्बन्धी कार्यविधि, २०७९ सम्बन्धमा ।
१४. स्वास्थ्य उपचार कोष सम्बन्धमा ।
१५. प्रदेश लोक सेवा आयोगमा माग आकृति फारम पठाउने सम्बन्धमा ।
१६. जनसहभागिता वास सहकारी संस्थाको भुक्तानी सम्बन्धमा ।
१७. विविध ।

रामकृष्ण खाण
नगर प्रमुख

नारायण अर्याल
प्रमुख प्रशासकीय अधिकृत

तिलोत्तमा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मणिग्राम, रुपन्देही
लुम्बिनी प्रदेश, नेपाल

## निर्णयहरु

### निर्णय नं.-१

यस पूर्व मिति २०७९/०५/१९ गतेको कार्यपालिका बैठकबाट पारित भएका देहायको निर्णयहरुको समीक्षा गरियो ।

तपसिलः

| क्र.सं. | निर्णयको संक्षिप्त व्यहोरा | कार्यान्वयनको अवस्था | कैफियत |
|---|---|---|---|
| १ | नगर दररेट सम्बन्धमा । | कार्यान्वयन भैरहेको । | |
| २ | योजनाहरुको म्याद थप सम्बन्धमा । | कार्यान्वयन भैरहेको । | |
| ३ | सेवा करारका कर्मचारीहरुको म्याद थप सम्बन्धमा । | कार्य सम्पन्न भएको । | |
| ४ | अटो रिक्सा संचालन तथा व्यवस्थापन समिति गठन सम्बन्धमा । | समिति गठन सम्पन्न, प्रतिवेदन प्राप्त हुन बाँकी । | |
| ५ | विविध ।<br>क) वडा नं.-१४ को भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको पहिचान तथा प्रमाणीकरण सिफारिस सम्बन्धमा । | कार्यान्वयन भएको । | |

### निर्णय नं.-२

नगरपालिकाको मुख्य प्रशासनिक कार्यालयमा लागू गरिएको विद्युतीय हाजिरी, विद्युतीय दर्ता/चलानी लगायतका सेवा प्रवाह सम्बन्धमा छलफल गरियो । नगर कार्यपालिकाको कार्यालयमा मिति २०७९/०७/१४ देखि पूर्ण रुपमा स्वचालित दर्ता/चलानी तथा विद्युतीय हाजिरी प्रणाली लागू गर्ने निर्णय गरियो । साथै उल्लेखित मिति देखि नै सबै वडा कार्यालयहरुमा पूर्ण रुपमा विद्युतीय हाजिरी प्रणाली लागू गर्ने निर्णय गरियो ।

### निर्णय नं.-३

प्रदेश पूर्वाधार विकास प्राधिकरण, लुम्बिनी प्रदेशको मिति २०७९/०६/०४ गतेको पत्रानुसार माग भए बमोजिम प्राथमिकताका आधारमा क्रमशः कृषि, पर्यटन तथा पूर्वाधारबाट देहायका योजनाहरु सिफारिस गरी पठाउने निर्णय गरियो ।

रामकृष्ण खाण
नगर प्रमुख



अर्याल

तपसिल :

| क्र.स. | आयोजना | कैफियत |
|---|---|---|
| १ | तिलोत्तमा एकिकृत ढल व्यवस्थापन । | |
| २ | वडा नं.-१४ को कृषि पकेट क्षेत्र प्रवर्द्धन कार्यक्रम तथा तिनधुरा-सेमरी-पश्चिमपहुनी-गोरकंट्टा कृषि सडक निर्माण तथा गणेशपुर कृषि हाटबजार पूर्वाधार विकास । | |
| ३ | नगरक्षेत्र भित्रका १६,३६ लगायतका अन्य सिचाईकुलो व्यवस्थित गर्ने, रोहिणी खोलाबाट सिचाई नहर निर्माण गरी वडा नं.-१०, ११ र १२ लगायतका वडाहरुमा सिचाइको व्यवस्था गर्ने । | |
| ४ | वनबाटीका पर्यटन पूर्वाधार विकास । | |
| ५ | बुद्धकालिन कुँवरवर्ती मन्दिर संरक्षण, प्रवर्द्धन तथा व्यवस्थापन । | |

निर्णय नं.-४

तिलोत्तमा नगरपालिकाको पञ्चवर्षीय योजना (आ.व.२०७९-२०८३) निर्माण प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

निर्णय नं.-५

तिलोत्तमा नगरपालिका आफैले संचालन गर्ने संघ र प्रदेश सरकारसँग माग गर्ने । (समपूरक र विशेष अनुदानको लागि समेत) तथा विभिन्न दातृ निकायहरुसँग माग गर्ने कार्यका लागि देहायको स्रोत सिमा सहितको एक परियोजना बैंक निर्माण गर्ने निर्णय गरियो ।उक्त परियोजना बैंक निर्माण कार्यका लागि सबै वडा कार्यालयहरुसँग योजना माग गर्ने निर्णय गरियो ।

देहायः

१) स्वर्णिम योजना (Municipal Golden Project) - ५ करोड भन्दा बढी लागतका योजनाहरु ।
२) गौरवका योजनाहरु (Municipal Pride Project)- १ देखि ५ करोड सम्मका योजनाहरु ।
३) प्राथमिकता प्राप्त योजनाहरु (Municipal Prioritized Project)-१ करोड सम्मका योजनाहरु ।

निर्णय नं.-६

१. यस नगरपालिकाको तिलोत्तमा उद्योग ग्राम केन्द्र, वडा नं.-१०को EIA को लागि यस नगरपालिका कार्यालय र युनिभर्सल इन्जिनियरिङ्ग कन्सलटेन्ट एण्ड बिल्डर्स,



...णा अर्याल

रामकृष्ण खाण
नगर प्रमुख

तिलोत्तमा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मणिग्राम, रुपन्देही

रुपन्देही बीच भएको सम्झौता म्याद २०७९/०६/११ गते समाप्त भएकोमा २०७९ चैत्र ११ गते सम्म सम्झौता म्याद थप गर्ने निर्णय गरियो ।

२. यस नगरपालिकाको फोहोरमैला व्यवस्थापन केन्द्र, वडा नं.-८ को EIA को लागि यस नगरपालिका कार्यालय र अधिका कन्सलटेन्सी प्रा.लि., काठमाडौ बीच भएको सम्झौताको म्याद २०७९/०६/११ गते समाप्त भएकोमा २०७९ चैत्र ११ गते सम्म सम्झौता म्याद थप गर्ने निर्णय गरियो ।

निर्णय नं.-७

तिलोत्तमा नगरपालिकाको वडा नं.-१४ को वडा कार्यालयको प.सं. ०७९/०८० च.नं. ६९६ मिति २०७९/०६/१४ गतेको पत्रानुसार मिति २०७९/०६/१४ गतेको सर्वदलीय बैठक र वडा समितिको बैठकको निर्णयानुसार टिकुलीगढ खानेपानीको जग्गा भन्दा उत्तर, बाटो भन्दा दक्षिण, घोला भन्दा पश्चिमको कि.नं. ७२ को जग्गामा वडा कार्यालय भवन निर्माणको लागि सिफारिस भई आएकोमा देहायको प्राविधिक समिति गठन गरी उक्त समितिको प्राविधिक रिपोर्टका आधारमा आवश्यक प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

तपसिल

| | |
|---|---|
| • शाखा अधिकृत श्री माधव प्रसाद पोखेल | संयोजक |
| • ब.ईन्जिनियर, श्री प्रदीप वन | सदस्य |
| • ब.ईन्जिनियर, श्री मनिस खनाल | सदस्य |
| • ईन्जिनियर, श्री युवराज पन्थी | सदस्य |
| • अमिन, श्री सविर खनाल | सदस्य सचिव |

निर्णय नं.-८

१. भू-उपयोग ऐन,२०७६, भू-उपयोग नियमावली, २०७९ जारी भई भूमीको वर्गीकरण समुचित उपयोग र प्रभावकारी व्यवस्थापन हुँदै आएकोमा नेपाल सरकार, भूमी व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालय (माननीय मन्त्रीस्तरबाट) मिति २०७९/०२/२७ गतेको निर्णय तथा मालपोत कार्यालय बुटवलको मिति २०७९/०२/३० गतेको सूचना बमोजिम स्थानीय भू-उपयोग परिषद्‌बाट तोकिएको मापदण्ड बमोजिम सिफारिस भए पश्चात् मालपोत कार्यालयबाट जग्गा सम्बन्धी काम कार्यवाही अगाडी बढ्ने भनिएकोमा सोही प्रयोजनका लागि मिति २०७९/०७/०६ गते तिलोत्तमा नगरपालिकाको भू-उपयोग परिषद्को बैठकबाट पेश भएका नगरपालिकाको सम्पूर्ण वडा कार्यालयबाट प्राप्त छुट बाटोहरुको विवरण अनुमोदन गरी मालपोत र नापी कार्यालय, बुटवल र मालपोत र नापी कार्यालय, भैरहवा, रुपन्देहीलाई जानकारी गराउने निर्णय गरियो । साथै, भू-उपयोग क्षेत्र वर्गीकरणका आधार, मापदण्ड तथा क्षेत्रफल भू-उपयोग नियमावली, २०७९ को अनुसूची-१ अनुरुप नै हुने निर्णय गरियो ।



रामकृष्ण खाण
नगर प्रमुख

अर्याल

तिलोत्तमा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मणिग्राम, रुपन्देही
लुम्बिनी प्रदेश, नेपाल

निर्णय नं.-९

आ. व. २०७९/०८० का लागि बेरोजगार व्यक्तिको सूचीमा सूचीकृत हुनका लागि २०७८ फाल्गुन मसान्तसम्म १७ वटै वडा कार्यालयमा प्राप्त निवेदनहरु वडा कार्यालयबाट प्रारम्भिक छानविन गरी वडा समितिको सिफारिस सहित रोजगार सेवा केन्द्रमा आएका र रोजगार सेवा केन्द्रको रिपोर्ट अनुसार बेरोजगार सूची निर्धारण तथा प्राथमिकीकरण मार्गदर्शन, २०७६ को दफा ६ बमोजिम स्थानीय निर्देशक समितिको सिफारिस बमोजिम ३२८ जना बेरोजगार व्यक्तिहरुको अन्तिम सूची स्वीकृतिको लागि दफा ७ बमोजिम प्रस्ताव पेश भएकोमा दफा ८ बमोजिम उक्त सूची स्वीकृत गर्नुका साथै स्वीकृत सूची रोजगार व्यवस्थापन सूचना प्रणालीमा प्रविष्टि गरी प्रथमिकता क्रम निर्धारणका लागि रोजगार सेवा केन्द्रलाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं.-१०

अपाङ्गता भएका व्यक्तिको परिचय पत्र वितरण कार्यविधि, २०७५ को दफा ६ मा अपाङ्गता समन्वय समिति गठन गर्नका लागि समितिको उपदफा (ख) मा नगर कार्यपालिकाको महिला सदस्य मध्येबाट नगर कार्यपालिकाले तोकेको महिला सदस्य समितिको सदस्यमा रहने व्यवस्था भए बमोजिम मिति २०७९/०६/२३ गतेको नगर प्रमुखस्तरीय निर्णयानुसार कार्यपालिका सदस्य श्री राधा शाहीलाई तोकिएकोमा उक्त निर्णय अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं.-११

लुम्बिनी प्रदेश प्रशिक्षण प्रतिष्ठान नेपालगञ्ज बाँकेको आर्थिक तथा प्राविधिक सहयोगमा तयार गरिएको तिलोत्तमा नगरपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीति २०७८ स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं.-१२

लुम्बिनी प्रदेश प्रशिक्षण प्रतिष्ठान नेपालगञ्ज बाँकेको आर्थिक तथा प्राविधिक सहयोगमा तिलोत्तमा नगरपालिकाको आ.व. ०७८/०७९ को लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण (GESI) प्रतिवेदनमा रहेका देहायका ५ ओटा मूल शीर्षकहरु भित्र २२ ओटा उप-शीर्षकमा १०० सूचकहरुको प्राप्ताङ्क सहितको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण (GESI) प्रतिवेदन स्वीकृत गरियो ।

| क्र.स. | मुख्य विषय | पूर्णाङ्क | कूल प्राप्ताङ्क |
|---|---|---|---|
| १ | नीति, कानून तथा योजना | २० | १४.५ |
| २ | संस्थागत व्यवस्था | २० | १३.५ |
| ३ | मानव संसाधान तथा क्षमता विकास | २० | ११ |
| ४ | सेवा प्रवाह | २० | १५.५ |
| ५ | सुशासन तथा उत्तरदायित्व | २० | ११ |
| जम्मा | | १०० | ६५.५ |



रामकृष्ण खाण
नगर प्रमुख

तिलोत्तमा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मणिग्राम, रुपन्देही
लुम्बिनी प्रदेश, नेपाल

निर्णय नं.-१३

"तिलोत्तमा नगरपालिकाको स्वास्थ्य विमा संयोजन समिति गठन तथा संचालन सम्बन्धी कार्यविधि, २०७९" माथि छलफल भयो । उक्त कार्यविधि थप अध्ययन गरी आगामी नगर कार्यपालिका बैठकमा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं.-१४

नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको मा. मन्त्री स्तरीय (२०७८/१२/१३) निर्णयानुसार "मृगौला प्रत्यारोपण गरेका डायलाइसिस गरिरहेका, क्यान्सर रोगी र मेरुदण्ड पक्षाघातका विरामीलाई औषधी उपचार बापत खर्च उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०७८" परिच्छेद-२ को दफा ४ बमोजिमको कोषमा यस नगरपालिकाको विपद् व्यवस्थापन कोषबाट रु.१० लाख रकम रकमान्तर गरी कोष खडा गर्ने र उक्त कोषबाट उपचार खर्च वापत प्रति विरामी मासिक रु.५००० दरले भुक्तानी दिने र अनुसूची ४ बमोजिम अभिलेख राखी अनुसूची ३ बमोजिम भुक्तानी भएको रकम नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट सोधभर्ना माग गर्ने निर्णय गरियो ।

निर्णय नं.-१५

प्रदेश लोक सेवा आयोग, लुम्बिनी प्रदेशको प.सं.०७९/०८०, च.नं.२४०, मिति २०७९/०६/२४ गतेको पत्रानुसार यस नगरपालिकाको स्वीकृत दरबन्दी बमोजिम देहायको रिक्त पदमा पदपूर्तिका लागि माग गर्ने निर्णय गरियो ।

देहाय :

| संख्या | पद | श्रेणी/तह | सेवा | समूह | कैफियत |
|---|---|---|---|---|---|
| १ | सर्वेक्षक | पाँचौ | इन्जिनियरिङ्ग | सर्भे | रिक्त |

निर्णय नं.-१६

तिलोत्तमा नगरपालिका, यु.एन.डि.पी. र जनसहभागिता वास स्वास्थ्य सहकारीको संयुक्त साझेदारीमा संचालित Green Recovery Project (हरित पुनःउत्थान परियोजनाको कार्य सम्पन्न प्रतिवेदन बमोजिमको रकम जनसहभागिता वास स्वास्थ्य सहकारी संस्थालाई हाल सम्म २ किस्तामा रु.६५६३९४९.६९ र रु.५९९८९९९.३१ गरी जम्मा रु.१२५६२९४९ (अक्षेरुपी एक करोड पच्चिस लाख बैसठ्ठी हजार नौ सय उनान्पचास) भुक्तानी दिइएकोमा उक्त रकम अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं.-१७ (विविध)

१७(१) महान् पर्व दिपावली, छठ पर्व र नेपाल सम्वत्को शुभकामना आदान-प्रदान भयो। साथै सबै नगरबासीमा उक्त पर्वहरुको शुभकामना प्रदान गर्ने तथा अन्य सन्देशमूलक सूचना प्रवाह गर्ने निर्णय गरियो ।

नारायण अर्याल
प्रमुख प्रशासकीय अधिकृत

रामकृष्ण खाण
नगर प्रमुख

१७(२) आसन्न प्रतिनिधिसभा तथा प्रदेश सभा निर्वाचनको लागि निर्वाचन आयोगबाट जारी भएको निर्वाचन आचारसंहिताको बारेमा छलफल भयो ।उक्त आचारसंहिता सम्पूर्ण पदाधिकारी तथा कर्मचारीले पूर्णतः पालना गर्ने निर्णय गरियो ।

१७(३) प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचन, २०७९, मतदाता शिक्षा कार्यक्रम निर्देशिका, २०७९ को व्यवस्था बमोजिमको निर्वाचन शिक्षा सम्बन्धमा छलफल भयो ।साथै निर्वाचन शिक्षा कार्यक्रम सबै वडाहरुका समुदाय/टोलस्तरमा प्रभावकारी रुपमा संचालन गर्ने निर्णय गरियो ।

१७(४) आसन्न प्रतिनिधि तथा प्रदेश सभा निर्वाचनमा हुने निर्वाचनसँग सम्बन्धित खर्च मिल्दो जुल्दो खर्च शीर्षकबाट भुक्तानी दिने अधिकार तिलोत्तमा नगरपालिका नगर कार्यपालिकाका प्रमुख प्रशासकीय अधिकृतलाई प्रत्यायोजन गर्ने निर्णय गरियो ।

रामकृष्ण खाण
नगर प्रमुख

नारायण अर्याल
प्रमख प्रशासकीय अधिकृत